D.A.O. Kathmandu Regd. No.: 451-2071/072

हरियाली रक्षक

Green Guard Bimonthly Magazine

वर्ष–३, अंक–७

Complimentary for School Children

March/Apr. 2017



बाँदर दिवस विशेष - २०७४

Macaque Day Special - 2017

बाँदर दिवस – २०७४ (Macaque Day - 2017) का दृश्यहरु





Macaque day in Kathmandu

Monkeys are very similar to human beings and closest animal of man. Our land is also the land of primates, as fossils of Ramapithecus found in Nepal at the bank of Tinau river, Butwal. Monkeys are not getting natural foods from forest and come in human residence for food in the same time Carnivorous like Tiger; leopard enters in to the human residence due to the absence of herbivorous animal like monkey in the forest. Monkeys are not getting even to drink water in forest thus conflict increasing. Monkey is an important in nature without monkey ecosystem is incomplete.

Monkey helps in pollination and to disperse the seeds in forest. They breaks the branches of the trees which results in slightly reducing crown cover of trees and the sunlight penetration in small plants in land and helps in their growth. Their behavior is also so interesting and an ideal to correct humanity thus it will help to promote tourism development and scientific research.

Human beings are superior to other animals but nowadays human are not serious to save nature so that wild animals are disappearing and Human wildlife conflict is increasing. We can minimize the human monkey conflict by scientific management and increasing green forest. To increase empathy towards monkey, awareness program is also most important.

This year, International macaque day, celebrated at Baisdhara, Kathmandu on March 16th 2017. The student participated in drawing and essay competitions, the main attraction of this program was poster show which carried different conservation messages and methods of mitigation of human and monkey conflict, besides these participants enjoyed in comedian activities and road quiz having different basic question of conservation and mitigation of human and monkey conflict. People enjoyed taking their pictures on a monkey banner as well as learning about them.

This is third event but second time of celebration of monkey day. People surprised about the celebration of monkey day but realized this kind of awareness program is increasing empathy towards the monkey.

Bimonthly Magazine
GREEN GUARD
Supported by:
LVDI INTERNATIONAL

Chief Editor:
Madhav Paudyal
Associate Editor:
Thaneshwor Pd. Basyal
Satchit Ghimire
Shashi Sharma
Reporter:
Biraj Pun
Hem Magar

Editor:
Bishwanath Rijal
Publisher:
Green Guard Nepal
Photo:
Green Guard
Design & Layout:
Pranaya Sindurakar

Office:
Anamnagar, Kathmandu
Mobile: 9808244120
E-mail: greenguard2016@gmail.com

Printed at:
Global Print Connection, Dillibazar

मानवको पुर्खा बाँदर



सुदर्शन अधिकारी
शिक्षक
नागार्जुन मा.वि. काठमाडौं

मानवको पुर्खा बाँदर र प्रकृति बीचको सम्वन्ध नङ्ग र मासु जत्तिकै छ । बाँदरले प्राकृतिक वातावरण सन्तुलनमा समेत महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । बाँदरबाट हामीले अनेकौं कुराहरु सिक्न सक्छौं । आपसमा मिलेर बस्ने आफ्ना बच्चाप्रति माया र स्नेह आदान प्रदान गर्ने, हुर्काउने, समूहमा मिलेर बस्ने जस्ता गुणहरु मानवका लागि समेत महत्वपूर्ण मार्ग दर्शक हुन्छ ।

प्रकृतिमा भएका जीवहरुको संरक्षण गर्नु हामी मानवको कर्तव्य हो । वातावरण सन्तुलन राख्नमा अहम् भूमिका खेल्ने महत्वपूर्ण जनावर बाँदर हो । अवैध शिकार गर्ने र वन विनाशका कारण बाँदर जातिमा सङ्कट आइपरेको छ । त्यतिमात्र नभई मठ मन्दिरमा रहेका बाँदरहरुको खानपान र राम्रो स्याहार नहुँदा निकै जोखिमपूर्ण अवस्थामा रहन बाध्य छन् ।



प्राकृतिक वातावरणमा रमाएका बाँदर

बाँदरमा अनेकौं रोगको महामारी फैलिएको समाचारहरु प्रचार प्रसार भैरहेका छन् । उनीहरुमा क्यान्सर, एचआइभी र खोकी जस्ता रोगले ग्रसित भएको पाइन्छ । पशु अधिकारकर्मीबाट यस्ता जङ्गली जीवहरुको स्वस्थ्य जीवन विताउन पाउने अधिकारका बारेमा चर्चा र बहस हुनु पर्दछ ।

हाम्रा वनजङ्गलमा रम्ने बाँदर जङ्गलको शोभा हो । यसैका कारण निकुञ्ज तथा आरक्षण स्थलमा स्वदेशी तथा विदेशी पर्यटक आउने गर्दछन् । उनीहरु प्राकृतिक वातावरणमा स्वच्छ रुपमा नाँच्ने खेल्ने, रम्ने र रमाउने कार्य गर्दछन् जुन दृष्यका लागि जो कोही निकै लालायित हुन्छन् । मानव जातिको पुर्खा समेत रहेको बाँदरलाई हिर्काउने, मार्ने, दुःख दिने जस्ता कार्यहरु कही कसैबाट हुनु हुँदैन । बाँदरले गाउँघरका किसानद्वारा लगाएका बाली विनास गर्ने गरेका घटनाहरु पनि नभएका होइनन् । जङ्गलमा उसले पर्याप्त खानेकुरा नपाएपछि बस्तीतर्फ लाग्नु स्वभाविक नै हो ।

बाँदर प्रकृतिसँग प्रत्यक्ष सरोकार राख्ने महत्वपूर्ण जनावर भएकोले हामीले यसलाई स्वतन्त्र र स्वस्थ अवस्थामा प्रकृतिभित्र रम्ने वातावरण निर्माण गरिदिनु पर्दछ । तबमात्र प्राकृतिक सन्तुलन कायम रहन्छ र जङ्गलको सौन्दर्य पनि आकर्षक बन्दछ । ❑

- **हामीले खाएको खानेकुरा खाएपछि बाँकी रहेको खानेकुरा तथा खानेकुराका खोल, बट्टा तथा अन्य फोहोरलाई बाँदरले नभेट्ने ठाउँमा व्यवस्थापन गरौं ।**
- **मठ मन्दिर आदिमा चढाइने फलफुल लगायतका सामाग्रीमा बाँदर आकर्षित हुने भएकोले सोको राम्रो व्यवस्थापन गरौं ।**


प्राकृतिक छनौट : बाँदरबाट मानिस



भावना रावल
कक्षा : ७
श्री सीता बाल विकास आधारभूत विद्यालय, नागार्जुन-३

त्रेता युगको रामायणमा भगवान रामका भक्त हनुमान थिए । हनुमान बाँदरहरुका एक रुप थिए । तर उनको भक्ति, शक्ति र ज्ञान भने मानवको जस्तै थियो । त्यसैले मानिसभन्दा अघिको बुद्धिमान र सर्वश्रेष्ठ प्राणी नै बाँदर हो । नेपालका हरेक क्षेत्रमा विशेष गरी हिमाल, पहाड र तराई क्षेत्रमा बाँदरको बासस्थान छ । बाँदरहरु नेपालमा मात्र नभएर विश्वमा नै पाइन्छन् । बाँदरहरु देशको हावापानी र प्रकृति अनुसार फरक किसिम र जातका हुन्छन् । प्रकृतिले श्रृजना गरेर प्रकृतिमा नै रहेको सर्वोत्कृष्ट प्राणी बाँदर हो ।

प्रकृतिलाई सजाउनमा सम्पूर्ण सजिव र निर्जीव वस्तुहरुले भूमिका खेले झैँ, बाँदरले पनि उत्तिकै भूमिका खेलेको हुन्छ । बाँदरहरुले प्रकृतिमा रहेका फलफूल, कन्दमूल, मकै, धान, आदि खाद्यान्न खाएर बाँचेका हुन्छन् । प्रकृतिमा रहेका जीवजन्तुहरु मध्ये सबैभन्दा चञ्चल र बहु स्वभावको जनावर बाँदर हो । प्रकृतिमा यदि बाँदर नै नभएको भए, हामी यसरी यो अवस्थामा हुने



बाँदरबाट मानिसको विकासक्रम, फोटो-गूगल

नै थिएनौं । प्रसिद्ध वैज्ञानिक चार्ल्स डार्विनको प्राकृतिक छनौट सिद्धान्त बमोजिम नै बाँदरको विकसित रुप मानिस बनेको हो । परम्परागत धर्मशास्त्र तथा विज्ञानले मानिसको पुर्खा बाँदर नै भएको प्रमाणित गरिसकेको छ । त्यसैले बाँदर प्रकृतिको एक प्रमुख सम्पत्ति हो । ❑

- **बाँदरलाई जिस्काउने, खानादिएर आर्कर्षित गर्ने, गुलेली, हातहतियारले घाइते बनाउने र मार्ने कार्य नगरौं ।**
- **घरको झ्याल, ढोकामा तारजाली लगाई बाँदर नछिर्ने बनाऔं ।**
- **स्वस्थ्य बाँदरको संरक्षण गरी, अध्ययन अनुसन्धानमा आकर्षण गराई, पर्या-पर्यटनमा विकास गरौं ।**
- **अफ्रिकाको घना जङ्गल रहन बाँदरहरूको प्रमुख कारणले पनि भएको वैज्ञानिक पुष्टि छ ।**

प्रकृतिको पाठशालामा बाँदर



दवाङ तामाङ
कक्षा-७
श्री सीता बाल विकास आधारभूत विद्यालय, नागार्जुन-३

प्रकृति एक पाठशाला हो । हाम्रो पुर्खाहरु वा ग्रन्थलाई नियाल्ने हो भने उनीहरु शिक्षा प्राप्त गर्न प्रकृतिमा डुल्थे, वनमा बस्थे । वनमा बाघ, भालु हरिण, मृग आदि थुप्रै जीवहरु पाइन्छन् । ती मध्ये बाँदर पनि एक हो । बाँदर भन्ने वित्तिकै सबैले सर्वप्रथम चकचके, बदमास र केही कुराको जतन नगर्ने भन्ने बुझ्छन् कारण मानिसको आफ्नो स्वभाव ऊ अरुको आङको जुम्रा देख्छ तर आफ्नो आङको भैँसी देख्दैन । त्यसैले अरुको मूल्याङ्कन गर्दा सबै नराम्रो बस्तुहरुबाट शुरु गरि त्यसैमा टुङ्ग्याउछ । साथै प्रचलनमा रहेका 'बाँदरको हातमा नरिवल' बाँदरले आफ्नो घर पनि वनाउँदैन र अरुलाई पनि वनाउन दिदैन, आदि जस्ता उदाहरणले बाँदरलाई नराम्रो व्यवहार भएको जीव हो भनि व्याख्या गर्छन् तर बाँदरमा



विद्यार्थीहरु बाँदरको अध्ययन गर्दै

रहेका असल गुणहरुको बयान कसैले नगर्नु हाम्रो कमजोरि हो । हाम्रो धर्मग्रन्थहरुको विभिन्न पात्रहरु बाँदर जातका थिए जसले असल काम गरेका छन् जस्तै हनुमान । उनले आफ्नो भक्ति कहिल्यै छाडेनन् उनलाई सर्वशक्तिवान मानिन्थ्यो । त्यसैले बाँदर र प्रकृति बीचको सम्वन्ध परापूर्वकालदेखि नै रहेको प्रमाणित हुन्छ । वैज्ञानिकहरुका अनुसार बाँदरबाट नै मानिसको उत्पत्ति वा विकास भएका हो ।

बाँदर अरु जीवहरुभन्दा पृथक भएकोले उसले प्रकृतिमा आफ्नो अस्तित्व बचाएर राख्न सक्यो तर अरु जीव जस्तै डाइनोसरले गर्न सकेन । बाँदरको अस्तित्व जोगाउनुको वा जोगिनुको प्रमुख कारण उनीहरुको एकता हो । उनीहरु प्रकृतिमा समूह वनाएर बस्छन् जसरि हामी समजमा बस्छौं । उनीहरु शाकाहारि हुन र अहिंस्रक जीव हुन् । उनीहरुको आफ्नै अस्तित्व जोगाउनको लागि वा जीवन निर्वाह गर्दा केवल तीन कुराहरुको लागि मात्र झगडा गर्छन् । प्रथममा उनीहरु खानाको लागि दोश्रो आफ्नो वासस्थान र तेश्रो स्त्री वा आफ्नो जोडिका लागि । उनीहरु आफ्नो सन्तान र वासस्थानको सुरक्षा गर्दछन् र यसको लागि लड्छन् । तपाईले बाँदरको झगडा देख्नुभएको छ भने, त्यो केवल यी तिन कुराको लागि हुन्छ । जुन उनीहरुको अस्तित्वसँग जोडिएको छ । उनीहरुको समूहको एउटा नाइके हुन्छ । जसले उनीहरुको समूहलाई के गर्ने र के नगर्ने भन्ने निर्देशन दिन्छ । नाइके बाँदरले आफ्नो समूहका बलिया बाँदरहरुलाई सेनाको रुपमा परिचालन गर्छ र उनीहरु खाना पाइने ठाउँ आफनो कब्जामा गर्छन । यसरी सफलता र एक आपसको माया, प्रेम र सद्भावले बाँदर आफ्नो अस्तित्व जोगाउन सफल छ ।

हामीले बाँदरबाट एकता सिक्नुपर्दछ, एक अर्कामा बन्धुबान्धवको भावना राख्नुपर्छ र मिलेर बस्नुपर्छ । मानिस र बाँदरबीच तुलना गर्दा व्यवहार, आत्मसम्मान र बफादारीमा मात्र फरक पर्छ । बाँदरले आफूलाई राम्रो गर्ने सहयोग गर्ने व्यक्तिलाई सम्मान गर्छ, भने नराम्रो गर्नेलाई झम्टन्छ । त्यसैले बाँदरभन्दा मानिस सर्वश्रेष्ठ हो भने हामी बफादार हुनुपर्छ र एक अर्कालाई सम्मान गर्नुपर्छ । ❑

प्रकृतिमा मानव र बाँदर



कोपिला मिजार
कक्षा: ९
श्री सरस्वती मा.वि. टोखा

प्रकृति शब्दले कुनै पनि सजिव तथा निर्जीव वस्तु समग्रलाई संकेत गर्छ । बाँदर र प्रकृति मानव जीवनसँग प्रत्यक्ष सम्वन्ध राख्ने विषय हुन् ।

कुनै पनि सजिव तथा निर्जीव वस्तु प्रकृतिमा नै रहेको हुन्छ । ढुङ्गा, माटो, हावा, पानी, पहाड जमिन आदि निर्जीव वस्तु भएपनि यिनीहरु प्रकृतिमा नै रहेका हुन्छन् । वनस्पति, पशुपन्छी, मानिस, जनावर प्रकृतिकै उपहार हुन् । बाँदर जङ्गलमा बस्ने जनावर भएकोले हरियाली, स्वच्छ हावापानी र सुन्दर जङ्गलमा बसेर त्यहाँ रहेका फलफूल, कमलो पात



वनजङ्गलको विनास

खाने गर्छन् । यी सबै प्रकृतिकै कारणले गर्दा उपलब्ध भएको हो । प्रकृति नहुने हो भने कुनै पनि जीवको अस्तित्व रहदैन ।

यदि प्रकृति असन्तुलन भयो भने पारि स्थितिक प्रणाली खलबलिन्छ र बाँदर लगायत अन्य जीव पनि लोप हुने अवस्थामा पुग्छन् । आज विश्वमा विभिन्न किसिमका विकास निर्माण, आविस्कार रचना, श्रृजनाका रुपमा साकार पार्दै जाने क्रममा प्रकृतिको विनाश भई बाँदर तथा अन्य जीवको अस्तित्व नै नरहने अवस्था पुगिसकेको छ । विश्वमा पहिला बाँदर करिब ३०० भन्दा बढि प्रजातिका थिए भने आज हामी मानिसको अनियन्त्रित बसोबास, वन विनास, जनचेतनाको अभावले, गर्दा बाँदरको लोप हुने अवस्था पुगेको हो । यो सबै मानिसकै कारणले भएको हो । आज प्रकृतिको नाश हुने क्रममा बाँदर मात्र लोप हुन लागेका होइन कि कृष्णसार एक सिङ्गे गैंडा, अजिङ्गर, जङ्गली बदेंल, जङ्गली खरायो लोप हुने अवस्थमा पुगेका छन् भने, हात्ती, गैडा अर्ना, बाह्रसिंगे, डलफिन, कस्तुरी मृग दुर्लभ हुँदै गएका छन् । संकटमा परेका यी जनावरलाई संरक्षण गर्नु आजको आवश्यकता देखिन्छ । प्राकृतिक स्रोतको अति दोहन गर्दा आफ्नो खुट्टामा आफैले वन्चरो हान्नु



प्राकृतिक वासस्थानको अभाव

हो । आज बाँदर पनि संकटमा परिरहेको अवस्थामा हामी सबैले संरक्षण र सम्वर्धन गर्नु जरुरी देखिन्छ । यी जनावरलाई संरक्षण गरिराख्न सक्यौं भने धेरै लाभ लिन सक्छौं । प्रकृति स्वच्छ भयो भने मात्र जीव जन्तुहरूको अस्तित्व रहन्छ । त्यसैले वन्यजन्तु, वनस्पति र प्रकृतिको अन्योन्याश्रित सम्वन्धलाई बचाई राख्नु पर्दछ ।

❑

बाँदर पानीको खोजीमा



आर्यश्री शर्मा
कक्षा-३
सेन्ट मेरीज, जावलाखेल

दिएको चित्रमा बाँदरहरुले बाल्टीनमा राखिएको पानी खाईरहेका छन् । तर, मानिसहरुले भने दिनप्रतिदिन वन जङ्गलहरु फडानी गर्दै गइरहेका छन् । जसको कारण एकातिर जमिनहरु सुख्खा भई खडेरी परिरहेको छ भने, अर्कोतिर हरियाली वनजङ्गलमै रमाउने बाँदरहरु वन जङ्गलमा पानी नभेटेर तथा तिर्खाएर प्यास मेटाउन भौतारिदैं पानीको खोजीमा घर, घर पसेर पानी खोजिरहेको देखिएको छ । अतः हामीले "हरियो वन नेपालको धन" भन्ने भनाईलाई आत्मसाथ गर्दै वन जङ्गल फडानी गर्ने हरेक मानिसलाई यसबाट हुने हानी नोक्सानीको बारेमा बुझाउन तथा शिक्षा दिनु अति आवश्यक छ । फोटोमा देखाएझैं आज बाँदर हरुलाई पानी खान सङ्कट परेजस्तै भोलिका दिनहरुमा हामी मानवलाई पनि यस्तै पानी नपाएर छट्पटाउनु पर्ने अवस्था आउन सक्दैन भनेर भन्न सकिदैन । हरियो वन जङ्गल फडानी गर्ने होइन बरु हरेक मानिसलाइ बोटविरुवा रोपण गर्न प्रोत्साहन गराउनु पर्छ । ❑



तिर्खाएका बाँदरहरु बाल्टिनको पानी खाँदै

प्रकृतिमा हाम्रो अस्तित्व



रोशनी घले
कक्षा : १०
पृथ्वीनारायण मा.वि., तारकेश्वर

प्रकृति भन्नाले सामान्यतया हाम्रो वरिपरिको वस्तुलाई बुझ्छौ, जस्तैः रुख, डाडाँ, खोलानाला, पाखा-पखेरा आदि । अर्को भाषामा भन्नुपर्दा प्रकृति निर्जीव र सजिवको समिश्रण हो जुन हामी उपभोग गर्छौं ।

प्रकृति र बाँदर एकअर्कामा निर्भर छन् । पृथ्वीमा सम्पूर्ण जीवहरुको अस्तित्व कायम रहेको छ । त्यही निर्भरताका कारण पृथ्वीको पर्यावरणीय सन्तुलन र जैविक विविधतामा पनि टेवा पुगेको छ । मानिसलाई सर्वश्रेष्ठ प्राणी भनिन्छ, तर आफ्नो स्वार्थ अथवा फाइदाको लागि अन्य वन्यजन्तुको शिकार वा प्रयोग गर्ने व्यक्तिलाई स्वार्थी भनिन्छ, त्यसैले सर्वश्रेष्ठ प्राणी होइन कि ? आजकल बाँदरलाई मार्ने मानिस धेरै लोभी र स्वार्थी भएका छन् । मानिसको यो स्वार्थीपनले गर्दा बाँदरको वंश नास हुन सक्छ । आफ्नो वंश र वासस्थानमा रम्नका साथै आहाराको कमी भएपछि उनीहरु मानव वस्ती जान्छन् र त्यहाँ पनि शिकार हुन पुग्छन् । अहिले बाँदरको ठाउँमा आफूलाई राख्नुहोस् र मनन् गर्नुहोस् हामी माथि त्यस्तो व्यवहार भए हामी के गर्छौं होला ? हामीले उनीहरुको संरक्षण गरेनौ भने भोलि यो पृथ्वी मरुभूमि बन्नेछ । "समय आँउछ पर्खदैन, बगेको खोला फर्कदैन" तसर्थ हामी सबै एक जुट भएर वन्यजन्तुको संरक्षण गर्नलाई जुटौ । उनीहरुको संरक्षण भए, प्रकृति आफै संरक्षण हुन्छ र प्रकृतिको संरक्षण भए मानव जातिको अस्तित्व दिगो रुपमा रहन्छ । ❑

प्रकृतिमा बाँदर



सन्देश थारु
कक्षा-७
श्री सीता बाल विकास आधारभूत विद्यालय, नागार्जुन-३

हाम्रो देशमा प्रशस्तै जनावरहरु पाइन्छन् भने कति जनावर लोप भइ रहेका छन् । नेपालमा चितुवा, गैँडा, सालक, बाँघ, सिलु, विरालो, रेडपाण्डा, आदि मध्ये बाँदर पनि एक जनावर हो । बाँदरलाई भगवानको रूप मानिन्छ । बाँदरले विभिन्न प्रकारको प्राकृतिक अन्न खान्छ जस्तैः गहुँ, मकै, केराउ, स्याउ, आँप, मेवा, केरा आदि बाँदरले खाने अन्न हुन । बाँदरहरु समूहमा बसोबास गर्छ । तिनीहरुको पनि समूहमा परिवार हुन्छ र आफ्नो बच्चालाई माया गर्छन् । बाँदर एक रुखबाट अर्को रुखमा हामफाल्न सक्दछ । बाँदरलाई सहयोग चाहिएमा कराएर सहयोग माग्ने काम गर्दछ ।

बाँदरलाई अहिले संरक्षणको आवश्यक छ । अहिले प्रकृतिमा बाँदरको संख्या एवं उनीहरुको स्वास्थ्यमा नकारात्मक असर पर्दै गएको छ । यसो हुनुका कारण संरक्षण प्रति वेवास्ता गरेर हो । बाँदरले पृथ्वीमा खेर गएको अन्न खाएर वातावरण सफा गर्छ । आजभोलि बाँदरलाई प्रकृतिमा सुविधा छैन । यो सबै कारण मानवले गर्दा हो । बाँदर विनाश भएमा पृथ्वीमा अरु जनावर वा मानव सबैलाई संकट पर्दछ । बाँदरलाई नराम्रो जनावर हो भन्ने गरिन्छ । तर, बाँदर प्राकृतिमा फलफूल र खानेकुरा नपाएर गाउँ तथा बस्तीहरुमा छिरेर दुःख दिने गरेको छ । यदि बाँदरलाई अन्न, फलपूल अनि बस्ने बास भएमा उसले अरुलाई दुःख दिदैन । उसले जङ्गलमा प्राकृतिक आहारा नपाएर त गाउँमा आउँछ, खानेकुरा पाएमा बाँदरले दुःख दिदैन । प्रकृतिमा बस्ने जनावरको पनि हक छ । प्रकृतिमा उनिहरूले बाच्न पाउने, रमाइलो



बाँदर प्रकृतिमा रमाउँदै

गर्न पाउने उनीहरूको अधिकारमा ठेस पुऱ्याउनु हुदैन । आजभोलि जङ्गलमा पाइने बाँदर, बाघ, चितुवा आदि जनावर संकटमा परेका छन् । यी सबै कारण मानवद्धारा भएको हो । बाँदरलाई प्रकृतिमा रमाउन सहयोग गर्नु हाम्रो बुद्धिमता हो । ❑

- **हामीले खानेकुरा बाँदरलाई दिएर नपल्काऔं । हाम्रो खानेकुराको खाने वानी लागे पछि बाँदरले आफ्नो प्राकृतिक खानेकुरा विर्सन्छ र मानवसँग द्वन्द्व श्रृजना हुन्छ ।**
- **प्राकृतिक खानेकुरा खान नपाएका र मानव निर्मीत खानेकुराको वानी परेका बाँदरहरूको प्रजनन क्षमता वलियो भई संख्यामा वृद्धि हुन्छ र बाँदरमा विभिन्न रोग उत्पन्न हुन्छ ।**

बाँदरलाई रमाउन जङ्गल चाहिन्छ



मनोज खत्री
कक्षा : १०
पुरानो गुहेश्वरी मा.वि., गोलढुङ्गा

बाँदर र प्रकृतिको सम्वन्ध घनिष्ठ छ । प्रकृति भनेको मानिस, जीवजन्तु, पशुपन्छी सबै स्वतन्त्र रुपमा बस्ने ठाउँ हो । प्रकृतिबाट हामीले धेरै कुरा प्राप्त गर्छौं जस्तै दाउरा, घाँस, खनिज आदि तर अहिले हाम्रो प्रकृतिको विनाश भईरहेको छ । मानिसहरु आफ्नो स्वार्थको लागि प्रकृतिको विनाश सँगै जीवजन्तुको पनि विनाश गर्दै छन त्यसमा बाँदर पनि पर्दछ ।

बाँदरलाई रमाउन जङ्गल चाहिन्छ । जङ्गल प्राकृतिक स्रोतको एउटा मुख्य पक्ष हो । उनीहरुको घर भनेको जङ्गल हो । उनीहरु आफ्नो बास रुखमा वनाउछन । उनीहरुले आफ्नो खाना पनि जङ्गलबाट नै पाउँछन । नेपालमा बाँदरका तीन प्रजाति छन् जस्तैः ढेँडु बाँदर, रातो बाँदर र पहरे बाँदर । नेपालका विभिन्न ठाउँमा प्राय जसो रातो बाँदर पाइन्छ । बाँदरमा पनि मायाको भाव हुन्छ ।



वन विनाशको कारण संकटमा परेको बाँदर

उनीहरु जता जाँदा पनि आफ्नो बच्चालाई साथमा राख्छन् र उनीहरुलाई खाना खुवाउने, माया गर्ने गर्दछन् । आफ्नो बच्चाको जुम्रा हेर्ने र उनीहरुलाई यो संसारमा बाँच्न सिकाउने गर्दछन् ।

मानिस आफू चाहिँ स्वतन्त्र रुपमा बसोबास गर्दछन् अनि वन्य जन्तुको घर विनाश गर्दछन् । आफू चाहिँ अनेक अधिकार खोज्दछन तर जीवजन्तुको अधिकार हनन् गरिरहेकाछन् । मानिसहरु आफ्ना अधिकारको कुरा गर्दछन् । मानिसलाई यो पृथ्वी, यो प्रकृतिमा जति अधिकार छ वन्य जन्तुलाई पनि त्यति कै अधिकार छ । यो प्रकृति कसैको पेवा हैन, यहाँ सबैको बराबर हक अधिकार छ ।

मानिसको लापर्वाहिका कारण धेरै जनावरले आफ्नो बासस्थान गुमाउनु परेको छ । मानिसहरु प्रकृतिको स्वच्छ वातावरण विनाश गर्दै छन् । जङ्गल फडानी गर्ने, आगलागी जस्ता अन्य कारणले प्रकृतिको विनाश हुँदैछ । प्रकृतिको विनाशका कारण विभिन्न प्राकृतिक प्रकोप उत्पन्न हुन्छ जस्तै बाढि, पहिरो, र वन जङ्गलको विनाश भई हरित गृह प्रभाव भई मौसम परिवर्तन हुन्छ । यसैले समयमा नै प्रकृति संरक्षणमा जुट्नु पर्दछ ।

❑

- **बाँदरको बासस्थानलाई प्राकृतिक रूपमा संन्तुलितबनाऔं । जङ्गल छेउ छाउमा बाँदरलाई मनपर्ने कृषि वाली नलगाऔ, नगदे वालीमा जोड दिऔं ।**
- **बाँदर लगायतका जङ्गली जनवारको बासस्थान र मानव बासस्थानको निश्चित दुरी बनाऔं ।**

प्रकृतिमा बाँदरको भूमिका



जुनु राई
कक्षा : १०
पृथ्वीनारायण मा.वि., तारकेश्वर


संसारमा प्रकृतिको धनी देश भनेर नेपाललाई चिनिन्छ । प्रकृतिमा खोलानाला, हरियाली जङ्गल, तराई, पहाड, हिमाल आदि छन् । प्राणीहरुको जीवन प्रकृतिमा गाँसीएको हुन्छ । सबैको उत्तिकै अधिकार पनि हुन्छ । हेर्दा खेरी बाँदरलाई सानो वा अज्ञानी देखिन्छ, तर प्रकृतिमा यसको प्रमुख भूमिका पनि रहेको हुन्छ । बाँदर समूहमा वा एक्लो पनि हिडने गर्दछन् ।



प्रकृतिसँग रम्न सिकाउँदै बाँदर

प्रकृति र बाँदरको नङ् र मासुको जस्तै घनिष्ट सम्वन्ध हुन्छ । प्रकृतिले बाँदरलाई आहारा र बस्नलाई काख, रमाउन र खेल्नलाई पाखा पखेरा दिएको छ । जाडोमा न्यानो, गर्मीमा शितल छहारी, भिज्नलाई पानी सबै थोक दिएको छ । बाँदरले पनि प्रकृतिलाई सौन्दर्य वनाउछ । बाँदर आफू जता गए पनि प्रकृतिको माया र ममता कहिले भुल्दैन । प्रकृतिलाई बाँदरले धेरै फाइदा पनि दिएको छ धर्मशास्त्र अनुसार रामायणमा हनुमानले लङ्कामा बिजय गरे जस्तै । बाँदरको सानो बच्चाले पनि आमा, बुबा, इष्टमित्रवाट सिकिरहेको हुन्छ । आमा विनाको बच्चाको व्यावहार फरह हुन्छ । त्यसै गरी आमा भन्दा पनि बढी प्यारो प्रकृति हुन्छ । प्रकृति नहुनु पानी विनाको माछा, बसन्त विनाको कोहिली, हतियार विनाको बीर, शिक्षा विनाको मानिस जस्तै हो ।

प्रकृति र बाँदर भित्र लेन देन प्रक्रिया पनि चलिरहेको हुन्छ साथै एक अर्काले अरुलाई आफ्नै तरिकाले सहयोग पुऱ्याएको हुन्छ । प्रकृतिले लाउन, खान, बस्नदेखि लिएर विभिन्न किसिमको रोगको उपचारका लागि जडिबुटी दिएको हुन्छ । त्यसैगरी बाँदरले पनि परागसेचन, वीउ विजन छरेर हराभरा पुऱ्याउन सहयोग पुऱ्याउन सहयोग गर्दछ । ❑




Don't make Zoology History !

"I believe that if children fall in love with wildlife they will grow up wanting to protect it."

-Imogen Taylor

बाँदरलाई वनमा वस्ने वातावरण



विवेक भुषाल
कक्षा : ९
श्री कालिकाशरण मा.वि., तिनपीपले

हाम्रो देश नेपालमा धेरै जीवजन्तुहरु छन् । तिनीहरुमध्ये केही मांसाहारी, केही शाकाहारी र केही सर्वहारी छन् । त्यसमध्ये बाँदर पनि एक सुन्दर र महत्वपूर्ण जनावर हो । बाँदर जङ्गलमा वस्ने अन्न फलफूल तथा कन्दमूल खाने साकाहारी जनावर हो । हिन्दु धर्ममा बाँदरलाई हनुमानको रुपमा पूजा गरिन्छ 'रामायणमा' सुग्रीव भन्ने बाँदरले भगवान रामसँग मीत लगाएका थिए भनि लेखिएको छ । 'रामायणमा' बाँदर सेनाले लङ्का जान समुन्द्रमा पुल वनाए र लङ्का जलाई राक्षसहरुसँग युद्ध गरी सञ्जीवनी वुटीको पहाड ल्याएर भगवान रामलाई दिई सहयोग गरेका थिए भनी उल्लेख छ। बाँदरलाई किराँतीहरुले पनि पूजा गर्दछन् । बाँदरलाई मानिसको पुर्खाको रुपमा लिइन्छ ।

विश्वमा बाँदरका झण्डै ३०० प्रजाती छन् । बाँदरमा अरुको नक्कल गर्ने बानी हुन्छ । बाँदर सामाजिक प्राणी हो । यिनीहरु समूहमा मिलेर वस्छन् । समूहमा मिलेर फलफूल र कन्दमूल खोजर खान्छन् । एक ठाउँबाट अर्को ठाउँमा जाँदा समूहमा जान्छन् । समूहमा इमान्दार भएर काम गर्छन् । यसको समूहमा सदस्य हराएमा सवै मिलेर खोज्छन् र सदस्य मर्दा मानिस जस्तै शोक मनाउँछन् । मानिस बाँदरकै पुर्खा रमापिथेकस हुदै विकाश भएको मान्निछ । बाँदरले प्राकृतिक वातावरणलाई निकै सहयोग पुऱ्याउँदै आएको छ । यसले खाद्य चक्रमा सहयोग पुऱ्याउँछ । जस्तै बाँदरले फलफूल खान्छन् यसलाई बाघ, सिँह जस्ता हिस्रक जनावरले खान्छन् र त्यही जनावर मर्दा फलफूलको बोटलाई मल हुन्छ यसले फलफूलकै वीउ एक ठाउँबाट अर्को ठाउँमा लगेर फलफूलकै वंशवृद्धि गराउँछ । यसले वनस्पतीको परागसेचनमा पनि सहयोग पुऱ्याउँछ । बाँदरले यस्ता काम गरेर प्रकृतिमा सन्तुलन ल्याउँछ । नेपालमा राउटे जातिले बाँदरको शिकार गरी प्रमुख आहाराको रुपमा खान्छन् । तसर्थ यी जातीमा जनचेतना जगाएर बाँदरको संरक्षण गर्नुपर्दछ ।

बाँदरको मुख्य वासस्थान जङ्गल हो । बाँदर जङ्गलमा वस्ने र त्यहिकै फलफूल र कन्दमूल खाने गरेर वस्छ । बाँदरको वासस्थान जङ्गल विनास हुँदै गएको भएर बाँदर मानव वस्तीमा पस्न थालेका छन् । शहरको स्वयम्भुनाथ र पशुपतिनाथ जस्ता अन्य मठ मन्दिरहरुमा आएर भगवानलाई चढाएको प्रसाद खाने बानी परेको छ । गाउँ घरको खेतमा रोपेको तरकारी फलफूल र अन्न खाने गर्छन् । बाँदर मानव वस्तीमा आउँदा मानिसले बाँदरलाई लखेट्ने, ढुङ्गा हान्ने जस्ता काम गर्ने गर्छन् । त्यसकारण मानिस र बाँदरविच द्वन्द्व सुरु हुन्छ र बाँदरले पनि आफ्नो रक्षाको लागि आक्रमण गर्दछ । बाँदरले हाम्रो जति क्षती गरेपनि मानवीय कारणले द्वन्द्व बढेको छ । यसैले हाम्रो कमी कमजोरी हटाई बाँदरलाई प्रकृतिमा रमाउने वातावरण श्रृजना गर्नु पर्दछ ।

बाँदर प्रकृतिको स्वतन्त्र प्राणी हो । यो प्रकृतिमा निर्भर रहन्छ । यसले आफ्नो वासस्थान निर्माण गर्दैन र मानिसलाई दुःख दिन्छ भन्ने मानिसहरुको विचारले मानिस र बाँदर बीच द्वन्द्व बढेको छ । आखिर हामीले वनकै संरक्षण गरेर बाँदरलाई वनमा वस्ने वातावरण वनाइदिन सके यो प्राणीले हाम्रो क्षति गर्दैन । त्यसैले मानिस सचेत प्राणी भएको हुनाले वन विनास नगरी प्रकृतिको सुन्दर जीव बाँदरको संरक्षणमा जुट्नु र प्रकृतिको रक्षा गर्नु हाम्रो बुद्धिमानी हो ।

❑

प्रकृतिको विनासले बाँदरमा समस्या



शर्मिला तामाङ
कक्षा : ८
सिता बालविकास आधारभूत विद्यालय, नागार्जुन

प्रकृतिमा जीवन र जगतको बाँच्ने आधार हुन्छ । हरिया वनजङ्गल, पहाड, हिमाल, खोला अनि त्यसमा आफ्नो जीवन चलाएका अनगिन्ति प्राणीहरु हुन्छन् । प्रकृतिको विनास मानिसको स्वार्थ र महोत्वकाक्षाको चरम परिणाम हो । मनुष्य जो आफूलाई सर्वशक्तिमान ठान्छ, ऊ विर्सन्छ वा सम्झेर



फोहोर पानी खाँदै बाँदर

पनि बुझ पचाउँछ, आफू मात्रै आनन्दित भएर वस्ने तृष्णामा यति स्वार्थी भइदिन्छ कि पृथ्वीमा अरु जीवको पनि बाच्ने अधिकार छ भनेर विर्सिदिन्छ । "मै खाउँ, मै लाउ, सुख सयल मै गरु", को लालसमा हरिया वन जङ्गलको सर्वनाश गरी अनगिन्ति जीवजन्तुको गाँस र आवासमा बाधा गरेको विर्सन्छ ।

तिव्र रुपमा बढदै गइरहेको शहरिकरण, अवैज्ञानिक विकासका चाहनाहरु अनि त्यसबाट उब्जीत वातावरण प्रदूषण, वन जङ्गलको विनाश, खोलानालाहरु डमपीङ्ग साइटमा रुपान्तर भइ मौसम परिर्वतन भई प्रकृतिमा रमाउने जंगली जनावर लगायत निमुखा बाँदरहरुको बासस्थान खोसिन पुगेको छ । जङ्गलमा रमाएर बस्ने बाँदर वनजङ्गलको विनासको कारण आफूलाई जीवित राख्न संघर्ष गरिरहेको देखिन्छ ।

वनविनाश तथा अन्य धेरै कारणले भइरहेको यो नकारात्मक असर मानिस सहित सबै जीवजन्तुमा परेको छ । समयमा पानी नपर्नु, भएका खोलानाला, छागाँ-छहरा सुक्दै जानुले निरीह प्राणी जसलाई हाम्रो पुर्खा पनि भनिन्छ पानी नपाई ब्याकुल भइ छटपटाई हाम्रो गाउँघरतिर छिरेर आगँनमा रहेको सानो बाल्टीनको पानी तथा नालाको फोहोर पानीले आफ्नो प्यास मेटाउन पुग्दछ । प्रकृतिमा रहेको खोलानालामा रमाउदै खेल्दै आफ्नो तीर्खा मेट्ने बाँदर यसरी एउटा बाल्टीनको पानीमा कसरी सन्तोष हुन सक्छ जुन उसले सधैभरी पनि पाउदैन ।

प्रकृतिको विनाशका कारण उत्पन्न समस्यमा हामी मनुष्य कहिलेसम्म यसरी आखाँ चिम्लेर बस्ने ? यसरी नै प्रकृतिको विनाश गरिरहने हो भने बाँदर जस्तो अवस्था एकदिन हाम्रो पनि हुनेछ । हामी पनि थोपा थोपा पानीको लागि आकुल-व्याकुल हुदै भौतारिदै हिडनुपर्ने छ । वातावरण स्वच्छ राख्नु, फोहोरमैलाको उचीत व्यवस्थापन, वनजङ्गलको संरक्षण तथा प्रकृतिको संरक्षण गर्नु हामी मानिसकै कर्तव्य हो । यो विर्सनुहुदैन कि हामी जहाँ भएपनि यो आकाश एउटै हो अनि यो जमिन पनि । त्यसैले प्रकृतिको संरक्षण गरौ, हामी पनि बाचौ र अन्य जीवजन्तु प्राणीहरुलाई पनि उसकै संसारमा बाँच्न दिऔं ।

❑

बाँदरको संरक्षण गरौं :
पर्या-पर्यटनमा विकास गरौं ।

हाम्रो नजिकको प्राणी
बाँदर संरक्षण गरौं ।

बाँदर प्रकृतिमा रमाउने प्राणी



मन्जु पुतुवार
कक्षा : १०
श्री पुरानो गुहेश्वरी मा.वि. गोलढुङ्गा

बाँदर पनि एक प्रकारको वन्यजन्तु हो । बाँदरहरु रुखमा चढ्छन्, हाँगाहाँगामा झुण्डिन्छन्, रुखहरुमा रहेका फलफूल खान्छन् र जङ्गलमै बस्न रमाउछन् । प्रकृतिमा रमाउने यी प्राणीका बासस्थान उजाडिदिएका छन्, यिनीहरुको खाने, बस्ने, खेल्ने ठाउँको अभाव हुँदै गएको छ । जसले गर्दा बाँदरहरु अहिले गाउँ, शहर पस्ने गरेका छन् । बाँदरहरु शहरमा रहेका फोहोरहरु खान बाध्य भएका छन् । त्यही कारण बाँदरहरु रोगी एवम् लोप हुँदै पनि गएका छन् । यिनीहरु वनजङ्गलमा बस्न र खान नपाएकाले गर्दा शहरमा रहेका फोहोर पानी पनि खान बाध्य भएका छन् । यी बाँदरहरुको संरक्षण र सम्बर्धन गर्न कोही पनि लागि परेका छैनन् । आफ्ना आवश्यकताहरु मात्र पूरा गर्दै बस्छन् । तर, आफ्नो नजिकैको प्राणीको संरक्षणमा लागि परेका छैनन् ।



फोहोरमा आहारा खोज्दै बाँदर

यस्ता खालका समस्याहरु समाधान गर्न हामीसबै एक जुट हुनुपर्छ । वनजङलहरु फडाँनी गर्नुका साटो वृक्षारोपण गर्नुपर्दछ र वातावरण संरक्षण गर्नुपर्दछ । बाँदरहरुको बासस्थान सुरक्षित राखिदिनुपर्दछ । यिनीहरु आफ्नो दुःख बुझिदेउन भनेर कति शहरमा पस्छन तर कोहि पनि बाँदरहरुलाई वास्ता गर्दैनन् । बाँदरहरुको भावना बुझेर उनीहरुको आवश्यकत परीपूर्ति गरी वनजङ्गल जोगाएर बाँदरको संरक्षण गर्नुपर्दछ । सबैले वन जङ्गलको संरक्षण र सम्बर्धन गर्नुपर्दछ । यस बारेमा कार्यक्रमहरु गरी जनचेतना फैलाउनु पर्छ । यसरी सबै एक जुट भएर बाँदरको संरक्षण गर्न लाग्यौ भने बाँदरहरु पहिलेको जस्तै खेल्दै, नाच्दै, रमाउदै गरेको सुन्दर वनजङ्गल देख्न सकिन्छ ।

❑



वन्यजन्तुमा खडेरीको प्रभाव



अस्मिता दुलाल
कक्षा : १०
नागार्जुन मा.वि. गोलढुङ्गा

जब पानी पर्न कम हुन्छ र जतातै पानीको कमिले गर्दा हाहाकार फैलिन थाल्छ त्यस्तो अवस्थालाई नै खडेरी पर्नु भनिन्छ । बाँदर लगायत अन्य वन्यजन्तु जङ्गल र खोलामा पानीको कमिले गर्दा आफ्नो तीर्खा मेटाउन गाउँबस्तिमा छिरेको देखिन्छ । बाँदरहरुले भोगेको प्यासको छट्पट्टीको महसुस गर्दा मन दुःखी भएको छ भने त्यही प्यास मेट्नको लागि बाल्टीनमा भएको पानी पिएर रमाएका बाँदरहरु देख्दा मन खुशी पनि भएको छ । यी सबै समस्याहरु खडेरीको कारणले गर्दा नै भएको हो ।

जथाभावी वन विनास गर्नाले र वृक्षारोपणको कमिले गर्दा खडेरीको समस्या देखा पर्छ । खडेरीको समस्या मानिसले मात्र नभई सम्पूर्ण प्राणीहरुले समेत भोग्नु परिरहेको हुन्छ । कतिपय प्राणीहरु त पानीको कमिले गर्दा पनि लोप हुँदै गइरहेको देखिन्छ । जसले गर्दा वातावरण नै असन्तुलित हुन गइरहेको छ । यदि मानिसहरुमा वृक्षारोपणको र जथाभावी वनजङ्गल फडानी गर्न नहुने बारेमा जनचेतना जगाउने हो भने यो समस्याको समाधान गर्न सकिन्छ । प्राणीका लागी पानी र पानीको लागि वनजङ्गल एक अर्काको परिपूरक हुन् । पानी विना कुनै पनि प्राणी बाँच्न सक्दैनन् र जङ्गल विना वर्षाको कल्पना पनि गर्न सकिदैन ।

यदि यो ज्ञान सम्पूर्ण मानिसहरुमा हुने हो भने वन्यजन्तु पानीका लागि मानव बस्तितिर पुग्दैन थिए । मानिसहरुले आफ्नो क्षणिक सुःखका लागि पनि वनजङ्गलको विनास गर्ने गर्दछन् तर उनीहरुलाई त्यो कुराको ज्ञान हुदैन कि त्यही क्षणिक सुखको उपभोग गर्नाले पछि आउने समयलाई असर पुऱ्याउँछ । नेपालमा जनसंख्याको परिवर्तनले गर्दा पनि यस्ता समस्याहरु देखा पर्दछन् । जब मानिसको संख्या बढ्दै जान्छ तब यस्ता समस्याहरु पनि देखा पर्दै जान्छन् । मानिसले आफ्नो आवश्यकताको पूर्तीका लागि वनजङ्गल फडानी गर्ने र त्यहाँ भएका घाँस तथा दाउराहरु पनि काटेर लैजाने गर्दछन् जसले गर्दा अन्य प्राणी तथा पशुपन्छीहरुलाई आफ्नो प्राण धान्न समेत सकस परिरहेको हुन्छ ।



पहाडको जङ्गल मासेर बाटो निर्माण

हामीले यस समस्याको समाधानका लागि विभिन्न ठाउँमा पुगि जनचेतनामूलक कार्यक्रमहरुको आयोजना पनि गर्न सक्छौं र यसले "हरियो वन नेपालको धन" हो भन्ने कुरा लाई वास्तवीकतामा परिणत गर्न सघाउ पनि पुऱ्याउँछ । ❑

➢ **राम्रो फल लगाउन (परागसेचन गराउने), बीऊलाई जङ्गलभरी छरेर वनजङ्गललाई हराभरा पार्ने काम बाँदरले गर्दछ ।**

बाँदर र प्रकृतिको संरक्षण : हाम्रो कर्तव्य



तिर्सना प्रजा
कक्षा : ६
श्री पुरानो गुहेश्वरी माध्यमिक विद्यालय गोलढुङ्गा

बाँदर वनमा रमाउने प्राणी हो । बाँदरहरुलाई धेरै जस्तो फलफूल, कन्दमूल, पालुवा घाँसहरु खान मन पर्छ । बाँदरहरु प्रायः रुख, भिरालो पाखाहरुमा बस्छन् । यिनीहरु धेरै जातिका हुन्छन् जस्तै सेतो रङ्ग भएको, लामो पुच्छर भएको र कालो मुख भएको, कालो रौं भएको, खैरो रङ भएको आदि ।


हरियाली वनजङ्गल खोला-नाला तथा सजिव र निर्जीव नै प्रकृति हो । प्रकृति भनेको आफै वनेको चिज हो । प्रकृतिमा धेरै जनावरहरु जीवन निर्वाहा गर्छन् । प्रकृतिले हामीलाई घाँस, दाउरा पनि दिन्छ । प्रकृति राम्रो र स्वच्छ छ भने हाम्रो भविष्य पनि राम्रो हुन सक्छ । प्रकृति राम्रो भयो भने हामीले स्वच्छ हावा पाउँछौ । प्रकृति राम्रो छ भने त्यहाका जलस्रोत पनि सफा र शुद्ध हुन्छ ।



प्राकृतिक खाना खोज्दै बाँदर

